हेलम्बु गाउँपालिका

# हेलम्बु राजपत्र

खण्डः ७ संख्याः ४ मितिः २०८०/११/०४

## भाग — ३

## “हेलम्बु गाउँपालिकाको
## जल उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८०”

## “हेलम्बु गाउँपालिकाको जल उपभोक्ता समिति/कम्पनी दर्ता सम्बन्धी कार्यविधि, २०८०”

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को अनुसूचि ८ बमोजिकको एकल अधिकार सूचि,स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ उपदफा (२) ट (१) र ध ले दिएको अधिकार प्रयोग गरी यस हेलम्बु गाउँपालिका क्षेत्र भित्रको खानेपानी, सिंचाई, साना जल विद्युत आयोजना निर्माण, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यलाई व्यवस्थित रुपले संचालन गर्नका लागि सोही ऐनको दफा १०२ मा भएको व्यवस्था बमोजिम यो “जल उपभोक्ता समिति/कम्पनी दर्ता सम्बन्धि कार्यविधि,२०७६”तर्जुमा गरी मिति २०७६।१०।२३ गतेको हेलम्बु गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत गरी लागू गरिएकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्य विधिको नाम “जन उपभोक्ता समिति/कम्पनी दर्ता सम्बन्धि कार्यविधि २०७६ रहेको छ ।

(ख) यो कार्यविधि हेलम्बु गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) **“जल उपभोक्ता समिति/कम्पनी”** भन्नाले प्रचलित ऐन,दफा र कार्यविधि बमोजिम हेलम्बु गाउँ कार्यपालिका क्षेत्र भित्र रहेका जलश्रोतको सदुपयोग गरी खानेपानी, सिंचाई, साना लघु जल विद्युत आयोजना आदिको निर्माण गरी सामूहिक हितको लागि कार्य गर्ने गरी गठन भएको जल उपभोक्ता समितिलाई सम्झनु पर्छ । सो वाक्यले हेलम्बु गाउँपालिका क्षेत्र भित्रका जल उपभोक्ता समिति/ कम्पनीलाई समेत जनाउँछ ।

(ख) **“अध्यक्ष भन्नाले”** दफा (२) क बमोजिम गठन भएको जल उपभोक्ता समिति/कम्पनीको अध्यक्षलाई जनाउँदछ ।

(ग) **“सदस्य तथा अन्य पदाधिकारी भन्नाले”** दफा (२) क बमोजिम गठन भएको जल उपभोक्ता समिति/कम्पनीको सदस्यहरु तथा पदाधिकारीहरुलाई जनाउँदछ ।

(घ) **“प्रमुख प्रशासकीय अधिकृत भन्नाले”** हेलम्बु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) **“वडा”** भन्नाले हेलम्बु गाउँ पालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(च) **“कार्यालय”** भन्नाले हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ । सो शब्दले हेलम्बु गाउँपालिका भित्रका वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) **“स्थानीय तह”** भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनु पर्दछ ।

**३. हेलम्बु गाउँपालिकाले जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्न सक्ने :**

(१) नेपालको संविधान, २०७२ को अनुसूचि-८ मा एकल अधिकारको सूचिमा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ उपदफा (२) ट (१) र ध को अधिनमा रहि हेलम्बु गाउँपालिका क्षेत्र भित्रका जल श्रोतको उपयोग गरी खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाई तथा साना जल विद्युत आयोजनाको निर्माण गरी स्थानीय श्रोत र साधनको समुचित सदुपयोग गर्नको लागि हेलम्बु गाउँपालिकाले जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्न सक्नेछ ।

**४.जल उपभोक्ता समितिले अपनाउनु पर्ने कार्यविधि :**

दफा ३ को उपदफा (१) बमोजिम जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्नको लागि जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्न ईच्छुक समूह वा जल उपभोक्ता समिति/कम्पनीले देहाय बमोजिमको कार्यविधि अपनाउँनु पर्नेछ :-

(क) खानेपानी, सिंचाई, साना जलविद्युत आयोजना निर्माण गर्दा सम्बन्धित वडाका अध्यक्ष वा सदस्यको उपस्थितिमा सो क्षेत्रका लाभान्वित घर परिवार र स्थानीय समुदायको भेलावाट जल उपभोक्ता समिति गठन गर्नु पर्दछ ।

(ख) खण्ड (क) बमोजिम गठन भएको जल उपभोक्ता समितिले खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाई तथा साना जल विद्युत आयोजनाको संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा परियोजनावाट लाभान्वित जन संख्या, कार्य क्षेत्र, उद्देश्य, समितिको निर्वाचन प्रणाली, पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार लगायतका विषयहरु समेटी दुई प्रति विधान तयार गरी सम्बन्धित समितिवाट अनुमोदन गराउनु पर्दछ ।

(ग) खण्ड (क) बमोजिम गठन भएको जल उपभोक्ता समितिले खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाई तथा साना जल विद्युत आयोजना दर्ता गर्न सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि -१ बमोजिमको ढाँचामा भएको व्यहोराहरु स्पष्ट खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

**५. सूचना जारी गर्ने :**

(१) दफा (४) खण्ड (ग) बमोजिम जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्नको लागि पेश भएका निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा हेलम्बु गाउँपालिकाको कार्यालयले जलश्रोत उपयोग गर्ने सम्बन्धमा कोही कसैको दावी विरोध भए नभएको सम्बन्धमा अनुसूचि -२ बमोजिमको ढाँचामा ३५ दिन सम्म दावी विरोधको समयावधी रहेको सूचना जारी गर्नु पर्दछ ।

(क) दफा ५ को उपदफा (१) बमोजिमको सूचनामा देहायको विषयहरु उल्लेख भएको हुनु पर्दछ ।

(१) जल उपभोक्ता समिति/कम्पनीको नाम, कार्यालय रहेको ठेगाना

(२) जलश्रोतको उपयोग सम्बन्धि विवरण

(३) जलश्रोत रहेको स्थान तथा मुहान

(ख) उपदफा (१) मा उल्लेख भएको अनुसूचि -२ बमोजिमको सूचना हेलम्बु गाउँपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयले सूचना पाटीमा अनिवार्य रुपमा टाँस गर्नु पर्ने छ र सम्बन्धित वडा कार्यालयले सो को जानकारी गाउँ कार्यपालिकालाई दिनुपर्नेछ ।

**६. हेलम्बु गाउँपालिकाको जलश्रोत समिति :**

(१) गाउँपालिका क्षेत्र भित्रका जल उपभोक्ता समिति/कम्पनीहरुको दर्ता सिफारिस, अध्ययन र अनुगमन समेत गर्नको लागि देहाय बमोजिमको हेलम्बु गाउँपालिकाको जलश्रोत समिति हुनेछ ।

| | |
|---|---|
| (क) पूर्वाधार विकास समितिको संयोजक | -संयोजक |
| (ख) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | - सदस्य |
| (ग) पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |

**७. हेलम्बु गाउँपालिकाको जलश्रोत समितिको काम, कर्तव्य र अधिकार :**

हेलम्बु गाउँपालिकाको जलश्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) हेलम्बु गाउँपालिका भित्रका जलश्रोत र जल सम्पदाहरुको पहिचान गर्ने ।

(२) जल उपभोक्ता समिति दर्ताका लागि पेश भएका निवेदनहरुको अध्ययन गरी दर्ताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

(३) जल उपयोग गर्ने सम्बन्धमा उत्पन्न भएका समस्याहरु समाधान गर्ने ।

(४) हेलम्बु गाउँपालिका गाउँ कार्यपालिकाले खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाईमा प्रयोग गरी बढी भएको जलश्रोत अन्य प्रयोजनका लागि फरक संस्था वा व्यक्तिलाई अनुमति दिन सक्नेछ ।

हेलम्बु गाउँपालिका गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

**८. हेलम्बु गाउँपालिका जलश्रोत समितिको वैठक :**

हेलम्बु गाउँपालिका जलश्रोत समितिको वैठक आवश्यकता अनुसार बस्ने छ र वैठक बसे वापत नियमानुसार वैठक भत्ता प्रदान गरिनेछ ।

**९.जल उपभोक्ता समिति/कम्पनी दर्ता तथा नविकरण :**

हेलम्बु गाउँपालिका भित्र रहेका जल उपभोक्ता समिति/कम्पनी हेलम्बु गाउँपालिका गाउँ कार्यपालिका सभावाट स्वीकृत दर बमोजिमको शुल्क बुझाई गाउँपालिका कार्यालयमा दर्ता र प्रत्येक आ.व.को असोज मसान्त भित्र नविकरण गर्नुपर्नेछ ।

**१०.जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्ने :**

(१) दफा (५) बमोजिम जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्नको लागि जारी भएको दावी विरोध सम्बन्धि ३५ (पैंतिस) दिने सूचनाका सम्बन्धमा सम्बन्धित वडा कार्यालयवाट जल उपभोक्ता समिति दर्ता/कम्पनी गर्ने प्रयोजनको लागि कोही कसैको दावी विरोध नभएको भनि पुनः सिफारिस भए पछि मात्र जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्नको लागि हेलम्बु गाउँपालिका गाउँ जलश्रोत समिति समक्ष फाईल पेश गर्नुपर्दछ ।

(२) हेलम्बु गाउँपालिका जलश्रोत समितिले उपदफा (१) बमोजिम पेश भएका फाईलहरुको अध्ययन गरी जल उपभोक्ता समिति/कम्पनी दर्ता गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले उपदफा २ बमोजिम सिफारिस भएका हेलम्बु गाउँपालिका जल उपभोक्ता समिति/कम्पनी दर्ता गरी अनुसूचि-३ बमोजिमको ढाँचामा उपभोक्ता समिति/कम्पनी दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

**११. दर्ता तथा नविकरण शुल्क**

क, खानेपानी तथा सिंचाईका लागि जलउपभोक्ता समिति दर्ता शुल्क रु, २५००।

ख, व्यापारिक प्रयोजनका लागि कम्पनी दर्ता शुल्क रु १००००। नविकरण रु ५०००।

गाउँ सभाले स्विकृत गरे बमोजिम दर्ता तथा नविकरण शुल्क कायम हुनेछ ।

**१२, दर्ताका लागि आवश्यक कागजात**

१, व्यक्ति/फर्मको निवेदन

२, ना.प्र.प.को प्रतिलिपि

३, जग्गा धनि पुर्जा

४, ब्यवसायीक योजना सहित ४ किल्ला खुल्ने ट्रोपोग्राफिकल नक्सा

५, भाडामा भए भाडा सम्झौता

६, कम्पनी दर्ता प्रमाण पत्र

७, भ्याट/प्यान दर्ता

८, वडा कार्यालयको सिफरिस

९, शुल्क बुझाएको रसिद

**१२, खारेजी तथा बचाउ :**

यो कार्यविधिका दफाहरु संघीय कानून र बागमती प्रदेश कानून संग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ र आवश्यकता अनुसार हेलम्बु गाउँपालिकाको  गाउँ कार्यपालिकाले परिमार्जन समेत गर्न सक्नेछ ।

**"जल उपभोक्ता समिति/कम्पनी दर्ता सम्बन्धी कार्यविधि,२०७६"**

(अनुसूचि -१)

निवेदन -पत्र

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हेलम्बु गाउँपालिकाको कार्यालय
किउल, सिन्धुपाल्चोक ।

महोदय,

हामीले जलश्रोत उपभोक्ता समिति/कम्पनी गठन गरी दर्ता गर्न चाहेको स्थानीय सरकार संचालन ऐन, २०४७ को दफा (२) ट र ध मा भए बमोजिम जलश्रोत उपभोक्ता समिति/कम्पनी दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको विधान रु........... रुपैंयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता समिति/कम्पनीको नाम :

२. कार्य क्षेत्र :

३. उद्देश्यहरु :

क)

ख)

ग)

४. जल उपभोक्ता समिति/कम्पनीका सदस्यको नाम : ठेगाना पेशा

क)

ख)

ग)

घ)
ङ)

५. उपयोग गरिने जलश्रोतको विवरण :
क) जलश्रोतको नाम र सो रहेको ठाउँ :
ख) जलश्रोत बाट गरिने प्रयोग :
ग) उपभोक्ता समिति/कम्पनीले प्रयोग गर्न चाहेको जलश्रोतको परिमाण :
घ) उक्त जलश्रोतको हाल भई रहेको उपयोग :
६. उपभोक्ता समितिले पुचाउन चाहेको सेवा सम्बन्धि विवरण :
अ) सेवाको किसिम :
आ)
ख) सेवा पुचाउने क्षेत्र :
ग) सेवा वाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
घ) भविष्यमा सेवा निरन्तर गर्न सकिने सम्भावना :
७. आर्थिक श्रोतको विवरण :
(क)
(ख)
८. कार्यालयको ठेगाना :

निवेदक :
सहि :
नाम :
पद :

**"जल उपभोक्ता समिति/कम्पनी दर्ता सम्बन्धी कार्यविधि, २०८०"**

(अनुसूचि -२)

**स्थानीय सरकार**

# हेलम्बु गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चलानी नं. :
मिति :

सूचना

सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँपालिका अन्तर्गत देहायको जल उपभोक्ता समिति/कम्पनी दर्ताको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम जल उपभोक्ता समिति/कम्पनी दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त सम्बन्धमा कुनै दावी विरोध भए आजका मितिले ३५ दिन भित्र यस कार्यालयमा पेश गर्न सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
१. समितिको नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. मुहानको नाम :

सूचना जारी गर्ने

अधिकारी

दस्तखत :

नाम,थर :

पद : प्रमुख प्रशासकीय

अधिकृत

**"जल उपभोक्ता समिति/कम्पनी दर्ता सम्बन्धी कार्यविधि,२०७६"**

(अनुसूचि - ३)

# हेलम्वु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

किउल, सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

**जल उपभोक्ता समिति/कम्पनी दर्ता प्रमाण-पत्र**

दर्ता नं.

श्री.............................

...........................................

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँपालिका वडा नं........स्थित

...................................................उपभोक्ता समिति/कम्पनी यस हेलम्बु गाउँपालिकामा दर्ता गरी यो प्रमाण -पत्र प्रदान गरिएको छ ।

प्रमाण-पत्र जारी गर्ने अधिकारी :

सही :

नाम,थर :

पद :

| **सि.नं.** | **नविकरण गरेको मिति** | **नविकरण बहाल रहने अवधि** | **नविकरण दस्तुर रसिद नं. र मिति** | **नविकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणीकरण मितिः २०८०/११/०४

आज्ञाले,

राजुभाई श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत